# प्रदेश राजपत्र

प्रदेश नं. ५, प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ३) बुटवल, रूपन्देही, पौष २३ गते, २०७६ साल (अतिरिक्ताङ्क ५३

# भाग २

## प्रदेश सरकार

## आन्तरिक मामिला तथा कानून मन्त्रालयको सूचना

प्रदेश पदक ऐन, २०७६ कार्यान्वयनको लागि प्रदेश सरकार (मन्त्रिपरिषद्) बाट मिति २०७६।०९।२१ मा स्वीकृत भएको "प्रदेश पदक नियमावली, २०७६" सर्व साधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

### प्रदेश पदक नियमावली, २०७६

प्रदेश नं. ५ प्रदेश पदक ऐन, २०७६ को दफा १६ को अधिकार प्रयोग गरी प्रदेश सरकारले देहायका नियमहरू बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस नियमावलीको नाम "प्रदेश पदक नियमावली, २०७६" रहेको छ।

(२) यो नियमावली तुरून्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः**- विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,

(क) "**ऐन**" भन्नाले प्रदेश नं. ५ प्रदेश पदक ऐन, २०७६ सम्झनु पर्छ।

(ख) "**पदक**" भन्नाले ऐनको दफा ८ बमोजिमको पदक सम्झनु पर्छ।

(ग) "**मन्त्रालय**" भन्नाले आन्तरिक मामिला तथा कानून मन्त्रालय सम्झनु पर्दछ ।

(घ) "**समिति**" भन्नाले ऐनको दफा ४ बमोजिम गठित पदक सिफारिस समिति सम्झनु पर्दछ ।

३. **पदकको प्रकार, बनौट र वितरण सम्बन्धी व्यवस्थाः** (१) ऐनको दफा ८ मा उल्लेखित पदकहरूको बनौट देहाय बमोजिम हुनेछ ।

(क) **बुद्धशान्ति पदकः** (१) प्रदेश भित्र शान्ति स्थापना कार्यमा विशेष योगदान पुऱ्याएका व्यक्तिलाई बुद्धशान्ति पदक प्रदान गरिनेछ ।

(२) उपनियम (१) बमोजिमको पदकको श्रेणी विभाजन हुने छैन, त्यस्तो पदकको बनौट, आकार, मण्डन तथा पट्टिका अनुसूची-१ बमोजिम हुनेछ ।

(ख) **प्रदेश प्रमुख जनसेवा पदकः** (१) यो प्रदेश प्रमुख जनसेवा पदक संघीयता र गणतन्त्रको सुदृढीकरणका लागि तथा अन्य क्षेत्रमा

उत्कृष्ट र उल्लेखनीय कार्य गरी जनस्तरमा लोकप्रिय रहेका जनप्रतिनिधि, समाजसेवी वा प्रदेश सरकारबाट नियुक्त भएका व्यक्तिलाई प्रदान गरिनेछ।

(२) उपनियम (१) बमोजिमको पदकको श्रेणी विभाजन देहायबमोजिम हुनेछ ।

(क) क श्रेणीः- प्रदेश प्रमुख जनसेवा पदक

(ख) ख श्रेणीः- प्रदेश प्रमुख जनसेवा पदक

(ग) ग श्रेणीः- प्रदेश प्रमुख जनसेवा पदक

(३) पदक प्रदान गर्दा योगदानका आधारमा श्रेणी विभाजन गरी प्रदान गरिने छ ।

(४) उपनियम (२) बमोजिमका पदकको बनौट, आकार, मण्डन तथा पट्टिका अनुसूची-२ बमोजिम हुनेछ ।

(ग) **मुख्यमन्त्री प्रज्ज्वल दीप पदकः** (१) प्रदेशको समृद्धि तथा प्रतिष्ठा अभिवृद्धिका लागि विभिन्न क्षेत्रमा विशिष्ठ योगदान पुऱ्याएका व्यक्तिलाई यो पदक प्रदान गरिनेछ ।

(२) उपनियम (१) बमोजिमको पदकको श्रेणी विभाजन देहायबमोजिम हुनेछ ।

(क) क श्रेणीः- मुख्यमन्त्री प्रज्ज्वल दीप पदक

(ख) ख श्रेणीः- मुख्यमन्त्री प्रज्ज्वल दीप पदक

(ग) ग श्रेणीः- मुख्यमन्त्री प्रज्ज्वल दीप पदक

(३) पदक प्रदान गर्दा योगदानका आधारमा श्रेणी विभाजन गरी प्रदान गरिने छ ।

(४) उपनियम (२) बमोजिमका पदकको बनौट, आकार, मण्डन तथा पट्टिका अनुसूची-३ बमोजिम हुनेछ ।

(घ) **प्रदेश सेवा समर्पण पदकः** (१) ईमान्दारीपूर्वक, उत्कृष्ठ एवम् प्रशंसनीय कार्य गर्ने प्रदेश सरकार अन्तर्गतका कर्तव्यनिष्ठ कर्मचारीलाई प्रदान गरिनेछ ।

(२) उपनियम (१) बमोजिमको पदकको श्रेणी विभाजन देहायबमोजिम हुनेछ ।

(क) क श्रेणीः- प्रदेश सेवा समर्पण पदक

(ख) ख श्रेणीः- प्रदेश सेवा समर्पण पदक

(ग) ग श्रेणीः- प्रदेश सेवा समर्पण पदक

(३) पदक प्रदान गर्दा योगदानका आधारमा श्रेणी विभाजन गरी प्रदान गरिने छ ।

(४) उपनियम (२) बमोजिमका पदकको बनौट, आकार, मण्डन तथा पट्टिका अनुसूची-४ बमोजिम हुनेछ ।

(ङ) **उजिरसिंह दीप पदकः** (१) देशको सुरक्षा तथा विपद्मा उद्धारको क्रममा अभूतपूर्व क्षमता प्रदर्शन गरी वीरता र साहसपूर्ण कार्य गर्ने व्यक्तिलाई प्रदान गरिनेछ।

(२) उपनियम (१) बमोजिमको पदकको श्रेणी विभाजन देहायबमोजिम हुनेछ ।

(क) क श्रेणीः- उजिरसिंह दीप पदक

(ख) ख श्रेणीः- उजिरसिंह दीप पदक

(ग) ग श्रेणीः- उजिरसिंह दीप पदक

(३) पदक प्रदान गर्दा योगदानका आधारमा श्रेणी विभाजन गरी प्रदान गरिने छ ।

(४) उपनियम (२) बमोजिमका पदकको बनौट, आकार, मण्डन तथा पट्टिका अनुसूची-५ बमोजिम हुनेछ ।

(च) **समाज सेवा श्री पदकः** (१) सेवा मानव स्वास्थ्य, वातावरण, दिगो विकास, मानव अधिकार र समाज सुधारका क्षेत्रमा उल्लेखनीय योगदान गर्ने व्यक्तिलाई प्रदान गरिनेछ ।

(२) उपनियम (१) बमोजिमको पदकको श्रेणी विभाजन देहायबमोजिम हुनेछ ।

(क) क श्रेणीः- समाज सेवा श्री पदक

(ख) ख श्रेणीः- समाज सेवा श्री पदक

(ग) ग श्रेणीः- समाज सेवा श्री पदक

(३) पदक प्रदान गर्दा योगदानका आधारमा श्रेणी विभाजन गरी प्रदान गरिने छ ।

(४) उपनियम (२) बमोजिमका पदकको बनौट, आकार, मण्डन तथा पट्टिका अनुसूची-६ बमोजिम हुनेछ ।

(छ) **प्रदेश रत्न पदकः** (१) कृषि, श्रम, रोजगारी, भाषा, साहित्य, कला, संगित, शिक्षा, खेलकुद र सूचना तथा संचार विज्ञान तथा प्रविधिको क्षेत्रमा अनुकरणीय कार्य गरेका व्यक्तिलाई प्रदान गरिनेछ ।

(२) उपनियम (१) बमोजिमको पदकको श्रेणी विभाजन देहायबमोजिम हुनेछ ।

(क) क श्रेणीः- प्रदेश रत्न पदक

(ख) ख श्रेणीः- प्रदेश रत्न पदक

(ग) ग श्रेणीः- प्रदेश रत्न पदक

(३) पदक प्रदान गर्दा योगदानका आधारमा श्रेणी विभाजन गरी प्रदान गरिने छ ।

(४) उपनियम (२) बमोजिमका पदकको बनौट, आकार, मण्डन तथा पट्टिका अनुसूची-७ बमोजिम हुनेछ ।

(ज) **पुथाश्री शिखर पदकः** (१) प्रदेश भित्र पर्यटन क्षेत्रको विकासमा उल्लेखनीय योगदान गरेका व्यक्तिलाई प्रदान गरिनेछ ।

(२) उपनियम (१) बमोजिमको पदकको श्रेणी विभाजन देहायबमोजिम हुनेछ ।

(क) क श्रेणीः-पुथाश्री शिखर पदक

(ख) ख श्रेणीः- पुथाश्री शिखर पदक

(ग) ग श्रेणीः- पुथाश्री शिखर पदक

(३) पदक प्रदान गर्दा योगदानका आधारमा श्रेणी विभाजन गरी प्रदान गरिने छ।

(४) उपनियम (२) बमोजिमका पदकको बनौट, आकार, मण्डन तथा पट्टिका अनुसूची-८ बमोजिम हुनेछ ।

(झ) **प्रदेश प्रज्ञा पदकः** (१) शैक्षिक क्षेत्रमा सर्वोत्कृष्ट योगदान पु¥याएका विद्यालय, विश्वविद्यालय तथा तिनका शिक्षक एवं पदाधिकारीलाई प्रदान गरिनेछ ।

(२) उपनियम (१) बमोजिमको पदकको श्रेणी विभाजन देहायबमोजिम हुनेछ ।

(क) क श्रेणीः- प्रदेश प्रज्ञा पदक

(ख) ख श्रेणीः- प्रदेश प्रज्ञा पदक

(ग) ग श्रेणीः- प्रदेश प्रज्ञा पदक

(३) पदक प्रदान गर्दा योगदानका आधारमा श्रेणी विभाजन गरी प्रदान गरिने छ।

(४) उपनियम (२) बमोजिमका पदकको बनौट, आकार, मण्डन तथा पट्टिका अनुसूची-९ बमोजिम हुनेछ ।

(ञ) **प्रजापति गौतमी पदकः** (१) महिला सशक्तीकरण र बालबालिकाको हक, हित र संरक्षणको क्षेत्रमा महत्त्वपूर्ण योगदान गरेका व्यक्तिलाई प्रदान गरिनेछ ।

(२) उपनियम (१) बमोजिमको पदकको श्रेणी विभाजन देहायबमोजिम हुनेछ ।

(क) क श्रेणीः- प्रजापति गौतमी पदक

(ख) ख श्रेणीः- प्रजापति गौतमी पदक

(ग) ग श्रेणीः- प्रजापति गौतमी पदक

(३) पदक प्रदान गर्दा योगदानका आधारमा श्रेणी विभाजन गरी प्रदान गरिने छ।

(४) उपनियम (२) बमोजिमका पदकको बनौट, आकार, मण्डन तथा पट्टिका अनुसूची-१० बमोजिम हुनेछ ।

(ट) **दङ्गीशरण बलिहाङ्ग पदकः** (१) सामाजिक सद्भाव, सामाजिक सुधार र समानताका पक्षमा काम गरेका अभियन्ता तथा सांस्कृतिक पहिचानको संरक्षण तथा प्रवर्धनका क्षेत्रमा उल्लेखनीय योगदान गरेका व्यक्तिलाई प्रदान गरिनेछ ।

(२) उपनियम (१) बमोजिमको पदकको श्रेणी विभाजन देहायबमोजिम हुनेछ ।

(क) क श्रेणीः- दङ्गीशरण बलिहाङ्ग पदक

(ख) ख श्रेणीः- दङ्गीशरण बलिहाङ्ग पदक

(ग) ग श्रेणीः- दङ्गीशरण बलिहाङ्ग पदक

(३) पदक प्रदान गर्दा योगदानका आधारमा श्रेणी विभाजन गरी प्रदान गरिने छ।

(४) उपनियम (२) बमोजिमका पदकको बनौट, आकार, मण्डन तथा पट्टिका अनुसूची-११ बमोजिम हुनेछ ।

४. **<u>पदकको मण्डन निर्माण गर्दा प्रयोग हुने धातुः</u>**

(क) पदकको निर्माण गर्दा आवश्यकतानुसार धातु प्रयोग गरिने छ ।

(ख) पदकमा धातुको मात्रा प्रयोग गर्दा आकार र स्वरूपको आधारमा गरिने छ ।

५. **प्रमाणपत्र एवं नगद प्रदान गरिने:**

(क) प्रदेश सरकारबाट प्रदक प्राप्त गर्ने व्यक्तिलाई प्रमाणपत्र वा प्रशंसापत्र प्रदान गरिने छ ।

(ख) त्यस्तो प्रमाण-पत्रको ढाँचा अनुसूची-१२ मा तोकिएको ढाँचा बमोजिम हुनेछ ।

(ग) पदक प्राप्त गर्ने व्यक्तिलाई ऐनको दफा ८ को उपदफा ५ बमोजिम नगद पुरस्कार प्रदान गर्दा प्रदेश सरकारले तोके बमोजिम हुनेछ ।

६. **पदक प्राप्त गर्ने व्यक्तिलाई भत्ता उपलब्ध गराइने:** (१) पदक प्रदान गर्दा ऐनको दफा ३ उपदफा १ को खण्ड (क) देखि (ट) बमोजिमको पदक प्राप्त गर्ने व्यक्तिलाई पदक ग्रहण गर्न आउँदाजाँदाको यातायात खर्च र बिशिष्ट श्रेणी सरहको दैनिक भत्ता प्रदान गरिने छ ।

(२) उपनियम (१) बमोजिम रकम भुक्तानी गर्दा प्रचलित कानून बमोजिमको प्रकृया अवलम्बन गरिनेछ ।

७. **पदक सिफारिस समितिले पदक सिफारिस गर्दा अपनाउनु पर्ने कार्यविधि सम्बन्धी व्यवस्था:** (१) ऐनको दफा ४ बमोजिमको पदक सिफारिस समितिले ऐनको दफा ६ बमोजिमको प्रक्रिया बाहेक देहाय बमोजिमका कार्यविधी समेत अवलम्बन गर्न सक्ने छ ।

(२) ऐनको दफा ६ बमोजिम सिफारिस भएका व्यक्तिहरूको नामावली र योगदानको विवरण तयार गरी सो सम्बन्धमा जाँचबुझ गरी पदकका लागि प्रदेश सरकार समक्ष सिफारिस गर्न सक्ने छ ।

(३) समितिका सदस्यले व्यक्तिगत रूपमा सिफारिस गरेमा व्यक्तिको हकमा समितिले अध्ययन अनुसन्धान एवं जाँचबुझ गरी पदकका लागि सिफारिस गर्न सक्ने छ ।

(४) पदक सिफारिस भएका नेपाली नागरिकहरूको हकमा तीन पुस्ते सहितको (नाम, थर, वतन) विवरण र विदेशीका हकमा नाम, थर, वतन र राष्ट्रियताको विवरण सिफारिस साथै पेश गर्नु पर्ने छ।

(५) पदक सिफारिस गर्दा समितिको बहुमतबाट सिफारिस भएको हुनु पर्ने छ ।

(६) ५० प्रतिशत सदस्य उपस्थित नभई पदक सिफारिस समितिको बैठकले कुनै निर्णय गर्ने छैन तर कुनै विषयमा छलफल गर्न बाधा पर्ने छैन ।

८. **<u>पदकको मण्डन लगाउने तरिकाः</u>** (१) पदकका प्रतीक समूहमध्ये मण्डन प्रमुख प्रतीक मानिनेछ र सो प्रतीक नलगाई अरू प्रतीक लगाउन सकिने छैन ।

(२) एकभन्दा बढी पदकहरू पाउने व्यक्तिले त्यस्ता पदकहरूका मण्डनहरु एकसाथ लगाउन सक्नेछ । यसरी एकभन्दा बढी पदकहरुका मण्डनहरु लगाउँदा मर्यादाक्रम अनुसार लगाउनु पर्नेछ ।

(३) एकभन्दा बढी पदकहरूका मण्डनहरू एकसाथ लगाउँदा पदकको मर्यादाक्रम अनुसार माथिल्लो पदकको मण्डन अरू मण्डनभन्दा माथि वा दाहिनेतर्फ लगाउनु पर्नेछ ।

(४) पदक प्राप्त गर्ने व्यक्तिले नेपाल सरकार, प्रदेश सरकार, अन्य प्रदेश सरकार र विदेशी मुलुकबाट प्रदान गरिने पदक प्राप्त गरेको भए क्रमश: नेपाल सरकारबाट प्रदान गरिएको पदक, प्रदेश सरकारबाट प्रदान गरिएको पदक, अन्य प्रदेश सरकार र विदेश मुलुकबाट प्राप्त गरेको पदक माथिल्लो क्रम अनुसार मिलाएर लगाउनुपर्नेछ ।

(५) प्रदेशका पदक र विदेशी मुलुकको पदकहरूका मण्डनहरू एकसाथ लगाउँदा प्रदेशको पदकको मण्डन विदेशी मुलुकको पदकको मण्डनभन्दा माथि वा दाहिनेतर्फ लगाउनु पर्नेछ ।

तर विदेशी मुलुकका राष्ट्राध्यक्ष नेपालको राजकीय वा औपचारिक भ्रमणमा रहेको अवस्थामा आयोजित औपचारिक समारोहमा उपस्थित हुँदा वा कुनै विदेशी मुलुकको औपचारिक भ्रमणमा गएको वा कुनै विदेशी मुलुकको औपचारिक समारोहमा सरिक हुनुपरेको अवस्थामा प्रदेशको र सो विदेशी मुलुकका पदकका मण्डनहरू एकसाथ लगाउँदा नेपाल सरकारले तोकेबमोजिम हुनेछ ।

(६) विदेशी मुलुकबाट पाएका पदकहरूका मण्डनहरू एकसाथ लगाउँदा श्रेणी र पाएको मितिको क्रम अनुसार लगाउनु पर्नेछ । कुनै एउटा विदेशी मुलुकबाट एउटै श्रेणीको दुई वा दुईभन्दा बढी किसिमको पदक पाएको भए पदक लगाउँदा सो मुलुकद्वारा निर्धारित मर्यादाक्रम अनुसार लगाउनु पर्नेछ ।

तर कुनै एउटा विदेशी मुलुकबाट कुनै पदक प्राप्त भएपछि अर्को विदेशी मुलुकबाट सोही श्रेणीको पदक प्राप्त भएमा पहिले पदक दिने मुलुकले पुनः सोही श्रेणीको कुनै अर्को पदक प्रदान गरेमा मर्यादाक्रमका सम्बन्धमा त्यस्ता मुलुकहरूमा जस्तोसुकै व्यवस्था भए पनि त्यस्ता पदकहरू पाएको मितिको क्रम अनुसार लगाउनु पर्नेछ ।

९. **पदकको पट्टिका लगाउने तरिकाः** पदकको मण्डन लगाउँदा सो पदकको पट्टिका लगाउनु पर्नेछ।

(१) प्रथम श्रेणीको एउटा भन्दा बढी पदकको मण्डन लगाउँदा सोमध्ये एउटा पदकको मात्र लगाउनु पर्नेछ ।

(२) सुरक्षाकर्मी कर्मचारीका हकमा अवस्था अनुसार मण्डनमात्र पनि लगाउन सकिनेछ।

१०. **पदकको प्रतिक समूह फिर्ता गर्नेः** तल्लो श्रेणीको पदक पाउने व्यक्तिले माथिल्लो श्रेणीको पदक पाएमा तल्लो श्रेणीको पदक फिर्ता गर्नु पर्नेछ।

११. **पदक र पोशाकः** विभिन्न राष्ट्रिय पर्व वा उत्सवहरूमा उपस्थित हुँदा पदक पाएका निजामती, सुरक्षाकर्मी तथा अन्य व्यक्तिले लगाउनु पर्ने पदक र पोशाक प्रदेश सरकारले तोके बमोजिम हुनेछ।

१२. **पदकको प्रतीक समूहको जिम्माः** ऐन बमोजिम प्रदान गरिने सबै पदकहरूको प्रतीक समूह मन्त्रालयको जिम्मामा रहनेछ ।

१३. **पदकको पट्टिका, मण्डन इत्यादि किन्न सकिनेः** (१) कुनै व्यक्तिले पाएको पदकको कुनै प्रतीक हराएमा, चोरिएमा वा नासिएमा सो प्रतीक निजले मन्त्रालयले तोकेको ठाउँबाट खरीद गर्न सक्नेछ।

२) पदकको पट्टिका मन्त्रालयले तोकेको ठाउँबाट खरीद गर्न सकिनेछ ।

१४. **पट्टिका लगाउन सकिनेः** आफ्नो सेवाको निर्धारित पोशाकमा पट्टिका लगाउन सकिनेछ ।

१५. **पदक धारण गर्न सक्नेः** (१) ऐन प्रारम्भ हुनुअघि प्राप्त पदक, अलङ्कार र विभुषण प्राप्त व्यक्तिहरुले त्यस्ता पदक अलंकार र विभुषण धारण गर्न सक्नेछनः-

(२) प्रचलित नेपाल कानूनमा उल्लेख भए बाहेकका पदक, अलङ्कार, विभुषण इत्यादि धारण गर्न पाईने छैन ।

(३) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि ऐन प्रारम्भ हुनुअघि प्राप्त गरेको अन्य कुनै मान पदवी, अलङ्कार र पदकको रिबन आफ्नो पोशाकमा लगाउन वा विदेशी मुलुकका पदाधिकारी वा नागरिकले त्यस्ता पदक, अलंकार वा पदवी धारण गर्न यस नियममा लेखिएको कुनै कुराले बाधा पुऱ्याएको मानिने छैन।

१६. **निर्धारित पोशाकमा लगाउने सबै पदहरूको पट्टिकाको नाप चौडाई ३.८ सेन्टी मीटर र सबै पदकहरूको नापको लम्बाई ३.२ से.मी. हुनेछ।**

१७. **बचाउः** यो नियमावली लागु हुनु पूर्व पदक सम्बन्धी भएका कामकारवाही यो नियमावली बमोजिम भएको मानिनेछ ।

अनुसूची - १

(नियम-३ को उपनियम (१) (क) (२) सँग सम्बन्धित)

**बुद्धशान्ति पदक**

**(क)** **मण्डनः** यो पदक चाँदी र सुनबाट बनेको हुनेछ । पदकको गोलाकार घेरा भित्र गौतम बुद्धको सुनको अर्धकदको तस्विर रहनेछ । तस्विरको शिरमा चाँदीको राष्ट्रिय झण्डा, दायाँ तर्फ सुनको सूर्य र बायाँ तर्फ सुनको चन्द्रमा रहनेछ । गोलाकार बाहिर चाँदीको १२ वटा अर्ध गोलाकार बुट्टाहरू रहनेछन् पदकको माथिल्लो भागमा "**बुद्ध शान्ति पदक**" उल्लेख हुनेछ । पदकमा २५ ग्राम सुन र आवश्यकता अनुसार चाँदीको प्रयोग हुनेछ ।

**(ख)** **पट्टिकाः** यो पट्टिका रेशमको हुनेछ यसको जम्मा चौडाइ ३.८ सेन्टी मिटर हुनेछ ।

अनुसूची - २

(नियम-३ को उपनियम (१) (ख) (४) सँग सम्बन्धित)

**प्रदेश प्रमुख जनसेवा पदक**

**(क)** **मण्डनः** यो पदक चाँदी र सुनबाट बनेको हुनेछ । यसको बाहिरी पट्टि चाँदीको गोलाकार घेरा रहनेछ । सो भित्र चाँदीको अर्को अर्ध गोलाकार भाग रहनेछ । सो अर्ध गोलाकार घेराभित्र दायाँ तिर ६ वटा र बायाँ तिर ६ वटा सुनको लाली गुराँसका फूल रहनेछ । उक्त फूलको घेराबाट केही माथिल्लो भागमा चाँदीको राष्ट्रिय झण्डा रहनेछ र राष्ट्रिय झण्डाको चन्द्र र सुर्य सुनको हुनेछ । तल बलेको सुनको दियो रहनेछ । पदकको बाहिरी भागमा १२ वटा चाँदी त्रिकोणले घेरिएको हुनेछ । पदकको अर्ध गोलाकार माथिल्लो भागमा श्रेणी अनुसार "**प्रदेश प्रमुख जनसेवा पदक**" क. "**प्रदेश प्रमुख जनसेवा पदक**" ख. "**प्रदेश प्रमुख जनसेवा पदक**" ग. उल्लेख हुनेछ । क श्रेणीको पदकमा २० ग्राम ख श्रेणीको पदकमा १५ ग्राम र ग श्रेणीको पदकमा १० ग्राम सुन र आवश्यकता अनुसार चाँदीको प्रयोग हुनेछ ।

**(ख)** **पट्टिकाः** यो पट्टिका रेशमको हुनेछ यसको जम्मा चौडाइ ३.८ सेन्टी मिटर हुनेछ ।

अनुसूची - ३

(नियम-३ को उपनियम (१) (ग) (४) सँग सम्बन्धित)

## मुख्यमन्त्री प्रज्ज्वल दीप पदक

(क) **मण्डनः** यो पदक चाँदी र सुनबाट बनेको हुनेछ । यसको बाहिरी पट्टि चाँदीको गोलाकार घेरा रहनेछ । सो गोलाकार घेरा भित्र चाँदीको अर्धगोलाकार भाग माथिबाट तल फर्केको र चाँदीको अर्धगोलाकार भाग तलबाट माथि फर्केको हुनेछ । बाहिर पट्टिको गोलाकार चाँदीको घेरालाई दायाँ बायाँ छुनेगरी क श्रेणीको पदकमा प्रदेश नं. ५ को सुनको नक्सा र नक्सा माथि सुनको सुर्य रहनेछ । ख श्रेणीको पदकमा प्रदेश नं. ५ को सुनको नक्सा हुनेछ र नक्सा माथि चाँदीको सुर्य रहनेछ । ग श्रेणीको पदकमा प्रदेश नं. ५ को सुनको नक्सा हुनेछ र नक्सा माथि चाँदीको सुर्य रहनेछ । पदकको अर्ध गोलाकार माथिल्लो भागमा श्रेणी अनुसार "**मुख्यमन्त्री प्रज्ज्वल दीप पदक**" क., "**मुख्यमन्त्री प्रज्ज्वल दीप पदक**" ख. "**मुख्यमन्त्री प्रज्ज्वल दीप पदक**" ग. उल्लेख हुनेछ । क श्रेणीको पदकमा १८ ग्राम सुन ख श्रेणीको पदकमा १३ ग्राम सुन र ग श्रेणीको पदकमा ८ ग्राम सुन र आवश्यकता अनुसार चाँदीको प्रयोग हुनेछ ।

**(ख)** **पट्टिकाः** यो पट्टिका रेशमको हुनेछ यसको जम्मा चौडाइ ३.८ सेन्टी मिटर हुनेछ ।

अनुसूची - ४

(नियम-३ को उपनियम (१) (घ) (४) सँग सम्बन्धित)

## प्रदेश सेवा समर्पण पदक

**(क)** **मण्डनः** यो पदक चाँदी र सुनबाट बनेको हुनेछ । यसको बाहिरी पट्टि चाँदीको गोलाकार घेरा रहनेछ । सो गोलाकार घेरा भित्र सुनको गोलाकार भाग र उक्त सुनको गोलाकार भाग देखि बाहिरी पट्टिको गोलाकार चाँदीको घेरालाई ढाक्ने गरी १२ वटा सुन र चाँदीका मिश्रित (क्रमशः एउटा सुनको र अर्को चाँदीको रहनेगरी) त्रिकोणहरु रहनेछ । पदकको गोलाकार माथिल्लो भागमा श्रेणी अनुसार "**प्रदेश सेवा समर्पण पदक**" क., "**प्रदेश सेवा समर्पण पदक**" ख. "**प्रदेश सेवा समर्पण पदक**" ग. उल्लेख हुनेछ । क श्रेणीको पदकमा १६ ग्राम सुन ख श्रेणीको पदकमा ११ ग्राम सुन र ग श्रेणीको पदकमा ६ ग्राम सुन र आवश्यकता अनुसार चाँदीको प्रयोग हुनेछ ।

**(ख)** **पट्टिकाः** यो पट्टिका रेशमको हुनेछ यसको जम्मा चौडाइ ३.८ सेन्टी मिटर हुनेछ ।

अनुसूची - ५

(नियम-३ को उपनियम (१) (ङ) (४) सँग सम्बन्धित)

## उजिरसिंह दीप पदक

**(क)** **मण्डनः** यो पदक चाँदी र सुनबाट बनेको हुनेछ । यसको बाहिरी पट्टि चाँदीको गोलाकार घेरा रहनेछ । सो गोलाकार घेरा भित्र चाँदीको अर्को गोलाकार भाग हुनेछ । उक्त चाँदीको गोलाकार भाग बीचबाट सिधा तेर्सो दुवैतिर हुने चाँदीको फित्ता रहने छ सो को तल्लो भागमा चाँदीको तलपट्टी फर्केको अर्को फित्ता रहनेछ । सो तल्लो फित्ता माथि विरताको प्रतिक सुनको क्रस खुकुरी रहने छ । खुकुरी माथि हातमा ढाल र तरवार समातेको वीर सपुत उजिरसिंह थापाको सुनको तस्विर रहनेछ । पदकको अर्ध गोलाकार माथिल्लो भागमा श्रेणी अनुसार "**उजिरसिंह दीप पदक**" क., "**उजिरसिंह दीप पदक**" ख. "**उजिरसिंह दीप पदक**" ग. उल्लेख हुनेछ । क श्रेणीको पदकमा १४ ग्राम सुन ख श्रेणीको पदकमा १० ग्राम सुन र ग श्रेणीको पदकमा ७ ग्राम सुन र आवश्यकता अनुसार चाँदीको प्रयोग हुनेछ ।

**(ख)** **पट्टिकाः** यो पट्टिका रेशमको हुनेछ यसको जम्मा चौडाइ ३.८ सेन्टी मिटर हुनेछ ।

अनुसूची - ६

(नियम-३ को उपनियम (१) (च) (४) सँग सम्बन्धित)

## समाज सेवा श्री पदक

**(क)** **मण्डनः** यो पदक चाँदी र सुनबाट बनेको हुनेछ । यसको बाहिरी पट्टि चाँदीको गोलाकार घेरा रहनेछ । सो गोलाकार घेरा भित्र चाँदीको अर्धगोलाकार भाग माथिबाट तल फर्केको र चाँदीको अर्धगोलाकार भाग तलबाट माथि फर्केको हुनेछ । पदकको बीच भागमा सुनको दायाँ तिर धानको बाला र बायाँ तिर गँहुको बाला एक अर्को तिर झुकेको र तलबाट सुनको दुई हातले ती बालालाई छोई प्रदेश नं. ५ को सुनको नक्सा हातमा बोकेको र सो नक्सा माथि चाँदीको नेपालको राष्ट्रिय झण्डामा चन्द्र र सुर्य सुनको रहनेछ । पदकको अर्ध गोलाकार माथिल्लो भागमा श्रेणी अनुसार "**समाज सेवा श्री पदक**" क., "**समाज सेवा श्री पदक**" ख. "**समाज सेवा श्री पदक**" ग. उल्लेख हुनेछ । क श्रेणीको पदकमा १० ग्राम सुन ख श्रेणीको पदकमा ७ ग्राम सुन र ग श्रेणीको पदकमा ५ ग्राम सुन र आवश्यकता अनुसार चाँदीको प्रयोग हुनेछ ।

**(ख)** **पट्टिकाः** यो पट्टिका रेशमको हुनेछ यसको जम्मा चौडाइ ३.८ सेन्टी मिटर हुनेछ ।

अनुसूची - ७

(नियम-३ को उपनियम (१) (छ) (४) सँग सम्बन्धित)

**प्रदेश रत्न पदक**

(क) **मण्डनः** यो पदक चाँदी र सुनबाट बनेको हुनेछ । यसको बाहिरी पट्टि चाँदीको गोलाकार घेरा रहनेछ । सो गोलाकार घेरा भित्र चाँदीको अर्धगोलाकार भाग तलबाट माथि फर्केको हुनेछ । बाहिरी पट्टिको गोलाकार चाँदीको घेरालाई दायाँ बायाँ छुनेगरी प्रदेश नं. ५ को सुनको नक्सा हुनेछ । नक्सा माथि चाँदीको हिमालको तस्विर र सो तस्विर माथि चाँदीको नेपालको राष्ट्रिय झण्डामा चन्द्र सुर्य सुनको रहनेछ । बाहिर पट्टीको गोलाकार भागलाई छुनेगरी १२ वटा चाँदीका त्रिकोण रहनेछ । पदकको गोलाकार माथिल्लो भागमा श्रेणी अनुसार "**प्रदेश रत्न पदक**" क., "**प्रदेश रत्न पदक**" ख. र "**प्रदेश रत्न पदक**" ग. उल्लेख हुनेछ । क श्रेणीको पदकमा १० ग्राम सुन ख श्रेणीको पदकमा ७ ग्राम सुन र ग श्रेणीको पदकमा ५ ग्राम सुन र आवश्यकता अनुसार चाँदीको प्रयोग हुनेछ ।

(ख) **पट्टिकाः** यो पट्टिका रेशमको हुनेछ यसको जम्मा चौडाइ ३.८ सेन्टी मिटर हुनेछ ।

अनुसूची - ८

(नियम-३ को उपनियम (१) (ज) (४) सँग सम्बन्धित)

## पुथाश्री शिखर पदक

**(क)** **मण्डनः** यो पदक चाँदी र सुनबाट बनेको हुनेछ । यसको बाहिरी पट्टि चाँदीको गोलाकार घेरा रहनेछ । सो गोलाकार घेरा भित्र एक अर्को तिर झुकेको सुनको २ वटा गँहुको बाला रहनेछ । ति गँहुबालालाई दायाँ बायाँ छुनेगरी प्रदेश नं. ५ को सुनको नक्सा हुनेछ । नक्सा माथि पुथाश्री शिखर हिमालको चाँदीको नक्सा र सो माथि चाँदीको नेपालको राष्ट्रिय झण्डामा चन्द्र र सुर्य सुनको रहनेछ । पदकको अर्ध गोलाकार माथिल्लो भागमा "**पुथाश्री शिखर पदक**" क., "**पुथाश्री शिखर पदक**" ख. र "**पुथाश्री शिखर पदक**" ग. उल्लेख हुनेछ । क श्रेणीको पदकमा ७ ग्राम सुन ख श्रेणीको पदकमा ५ ग्राम सुन र ग श्रेणीको पदकमा ४ ग्राम सुन र आवश्यकता अनुसार चाँदीको प्रयोग हुनेछ ।

**(ख)** **पट्टिकाः** यो पट्टिका रेशमको हुनेछ यसको जम्मा चौडाइ ३.८ सेन्टी मिटर हुनेछ ।

अनुसूची - ९

(नियम-३ को उपनियम (१) (झ) (४) सँग सम्बन्धित)

**प्रदेश प्रज्ञा पदक**

**(क)** **मण्डनः** यो पदक चाँदी र सुनबाट बनेको हुनेछ । यसको बाहिरी पट्टि चाँदीको गोलाकार घेरा रहनेछ । सो गोलाकार घेरा भित्र चाँदीको अर्को गोलाकार भाग रहनेछ । बाहिरी पट्टिको चाँदीको गोलाकार घेरालाई दायाँ बायाँ छुनेगरी चाँदीको षट्कोण रहनेछ । षट्कोण भित्र विद्याको प्रतिक किताब र किताबमा लेख्दै गरेको माथिबाट तल फर्केको सुनको कलम रहनेछ । पदकको गोलाकार माथिल्लो भागमा श्रेणी अनुसार "**प्रदेश प्रज्ञा पदक**" क., "**प्रदेश प्रज्ञा पदक**" ख. "**प्रदेश प्रज्ञा पदक**" ग. उल्लेख हुनेछ । क श्रेणीको पदकमा ७ ग्राम सुन ख श्रेणीको पदकमा ५ ग्राम सुन र ग श्रेणीको पदकमा ४ ग्राम सुन र आवश्यकता अनुसार चाँदीको प्रयोग हुनेछ।

**(ख)** **पट्टिकाः** यो पट्टिका रेशमको हुनेछ यसको जम्मा चौडाइ ३.८ सेन्टी मिटर हुनेछ ।

अनुसूची - १०

(नियम-३ को उपनियम (१) (ञ) (४) सँग सम्बन्धित)

**प्रजापति गौतमी पदक**

**(क)** **मण्डनः** यो पदक चाँदी र सुनबाट बनेको हुनेछ । यसको बाहिरी पट्टि चाँदीको गोलाकार घेरा रहनेछ । सो गोलाकार घेरा भित्र चाँदीको अर्धगोलाकार भाग माथिबाट तल फर्केको र सुनको अर्धगोलाकार तलबाट माथि फर्केको हुनेछ । तलबाट माथि तिर फर्केको गोलाकार माथि चाँदीको कमलको फूल रहनेछ । फूलमाथि सुनको आर्दश नारी प्रजापति गौतमीको दुई हातले बालक समातेर बसेको प्रतिक रहनेछ । पदकको अर्ध गोलाकार माथिल्लो भागमा श्रेणी अनुसार "**प्रजापति गौतमी पदक**" क., "**प्रजापति गौतमी पदक**" ख. "**प्रजापति गौतमी पदक**" ग. उल्लेख हुनेछ । क श्रेणीको पदकमा ७ ग्राम सुन ख श्रेणीको पदकमा ५ ग्राम सुन र ग श्रेणीको पदकमा ४ ग्राम सुन र आवश्यकता अनुसार चाँदीको प्रयोग हुनेछ।

**(ख)** **पट्टिकाः** यो पट्टिका रेशमको हुनेछ यसको जम्मा चौडाइ ३.८ सेन्टी मिटर हुनेछ ।

अनुसूची - ११

(नियम-३ को उपनियम (१) (ट) (४) सँग सम्बन्धित)

**दङ्गीशरण बलिहाङ्ग पदक**

**(क)** **मण्डनः** यो पदक चाँदी र सुनबाट बनेको हुनेछ । यसको बाहिरी पट्टि चाँदीको गोलाकार घेरा रहनेछ । सो गोलाकार घेरा भित्र चाँदीको गोलाकार भाग हुनेछ । सो गोलकार भित्र हातमा सुनको लठ्ठी समातेको दङ्गीशरण वलिहाङ्गको अर्धकदको सुनको प्रतिक रहने छ । प्रतीकको तल सुनको तारा रहनेछ । भित्री चाँदीको घेरा बाहिर १२ वटा चाँदीको त्रिकोण रहनेछ । पदकको अर्ध गोलाकार माथिल्लो भागमा श्रेणी अनुसार "**दङ्गीशरण बलिहाङ्ग पदक**" क., "**दङ्गीशरण बलिहाङ्ग पदक**" ख. "**दङ्गीशरण बलिहाङ्ग पदक**" ग. उल्लेख हुनेछ । क श्रेणीको पदकमा ७ ग्राम सुन ख श्रेणीको पदकमा ५ ग्राम सुन र ग श्रेणीको पदकमा ४ ग्राम सुन र आवश्यकता अनुसार चाँदीको प्रयोग हुनेछ ।

**(ख)** **पट्टिकाः** यो पट्टिका रेशमको हुनेछ यसको जम्मा चौडाइ ३.८ सेन्टी मिटर हुनेछ ।

अनुसूची - १२

(नियम-५ (ख) सँग सम्बन्धित)

**प्रमाणपत्र**

## पदक अधिकारपत्र

स्वस्तिश्री-उत्तुङ्ग-हिमवन्त-विस्तृतपर्वत-समतलतराइसमवेत,
मेचीमहाकालीवाग्वतीकोशीगण्डकीकर्णालीनदीनदजलाशयसंसिक्त,
अनेकभाषाभाषी-जातिउपजाति-धर्मसंस्कृतिसभ्यतापरम्परासमन्वित,
महारण्यभूत, विविधपशुपक्षिलतौषधि-नानाविधपुष्पफलान्नप्राकृतिकसम्पदासुशोभित,
पूर्वजप्रतिभापुरुषार्थसुरक्षित, सूर्यचन्द्राङ्कितध्वजविभूषित,
स्वतन्त्र सार्वभौमसम्प्रभु संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको प्रदेश सरकारका तर्फबाट
प्रदेश प्रमुख माननीय.......................................बाट

...................... बस्ने..........................................लाई ...........................................................................मा
उल्लेखनीय योगदान पुऱ्याएबापत .....................................द्वारा विभूषित गरिएको छ । यस मानपदवीको गरिमा
कायम गरी प्रदेशको गौरव बढाउने काममा यहाँको योगदान निरन्तर रहनेछ ।

| | | |
|---|---|---|
| ........................................ | घोषणा मिति:................. | ........................................ |
| अध्यक्ष | इति सम्वत्......................शुभम् | मुख्यमन्त्री |
| पदक समिति | | प्रदेश नं. ५ |

**आज्ञाले,**
**शंकरप्रसाद खरेल**
**प्रदेश सचिव**